# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, वैशाख २३ गते, २०८१ साल (अतिरिक्ताङ्क ३

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०८१ सालको ऐन नं. ०१

### खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

**प्रस्तावना**ः मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि खाद्य श्रृङ्खलाका सबै चरणमा वैज्ञानिक तथ्यका आधारमा खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण र त्यसको नियमनको व्यवस्था

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न खाद्य स्वच्छता सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ९ बमोजिमको खाद्य व्यवसाय अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले विभाग मातहतका कार्यालय सम्झनु पर्छ।

(ग) "खाद्य निरीक्षण अधिकारी" भन्नाले दफा २८ बमोजिमको खाद्य निरीक्षण अधिकारी सम्झनु पर्छ।

(घ) "खाद्य पदार्थ" भन्नाले साधारणतः मानिसले उपभोग गर्ने अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य वा पेय पदार्थ, त्यसमा प्रयोग गरिने पोषक तत्त्व, खाद्य योगशील (फुड एडिटिभ) वा मरमसला सम्झनु पर्छ र सो शब्दले आहारपूरक खाद्य पदार्थ, प्याकेजिङ्ग गरिएको प्रशोधित पिउने पानी, मदिराजन्य पेय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदार्थ, चुइगम र बवलगमलाई समेत जनाउँछ।

(ङ) “खाद्य प्रयोगशाला” भन्नाले दफा २७ बमोजिमको प्रयोगशाला सम्झनु पर्छ।

(च) "खाद्य योगशील" भन्नाले खाद्य पदार्थको रूपमा सिधै उपभोग नगरिने खाद्य पदार्थको रङ्ग, बास्ना, स्वाद कायम राख्न वा बढाउन तथा अन्य अपेक्षित गुण हासिल गर्न खाद्य पदार्थको उत्पादन, प्रशोधन तथा संरक्षण गर्दा निर्धारित मापदण्ड अनुसार साधकको रूपमा प्रयोग गरिने स्वीकृत उपभोगयोग्य पदार्थ सम्झनु पर्छ।

(छ) “खाद्य व्यवसाय” भन्नाले व्यावसायिक वा सार्वजनिक प्रयोजनको लागि खाद्य पदार्थको उत्पादन, प्रशोधन, तयारी, प्याकेजिङ्ग, सञ्चय, बिक्री वितरण, निकासी वा पैठारी गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले खाद्य पदार्थको उत्पादन, प्रशोधन, तयारी वा प्याकेजिङ्ग गरी कुनै स्थान वा भवनमा रहेर वा सडकमा घुमिफिरी वा विद्युतीय प्रणाली प्रयोग गरी अनलाइन मार्फत बिक्री वितरण गर्ने कार्यलाई समेत जनाउँछ।

(ज) “खाद्य व्यवसायी” भन्नाले खाद्य व्यवसाय गर्ने व्यक्ति सम्झनु पर्छ।

(झ) “खाद्य स्वच्छता” भन्नाले खाद्य पदार्थ तयारी तथा उपभोग (इन्टेन्डेड युज) गर्दा मानव



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वास्थ्यका दृष्टिकोणले सुरक्षित रहेको अवस्था सम्झनु पर्छ।

(ञ) "खाद्य स्वच्छता व्यवस्थापन प्रणाली" भन्नाले खाद्य व्यवसायमा खाद्य स्वच्छता कायम गर्नको लागि आवश्यक रहेका असल उत्पादन अभ्यास (गुड म्यानुफ्याक्चरिङ्ग प्राक्टिस), असल सरसफाइ अभ्यास (गुड हाइजिनिक प्राक्टिस), हानि विश्लेषण तथा संवेदनशील बिन्दु नियन्त्रण (हाजार्ड एनालाइसिस एन्ड क्रिटिकल कन्ट्रोल प्वाइण्ट) प्रणाली सम्झनु पर्छ र सो शब्दले खाद्य व्यवसायमा खाद्य स्वच्छता व्यवस्थापनको लागि तोकिएको यस्तै अन्य अभ्यासलाई समेत जनाउँछ।

(ट) "खाद्य श्रृङ्खला" भन्नाले खाद्य पदार्थ उपभोक्ता समक्ष पुऱ्याउनको लागि कुनै वस्तु, स्रोत, साधन वा क्रियाकलापको समन्वयात्मक रूपमा प्रयोग गरी गरिने खाद्य पदार्थ उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी, बिक्री वा वितरण सम्बन्धी सेवा प्रवाहको श्रृङ्खला सम्झनु पर्छ।

(ठ) "गुणस्तर" भन्नाले कुनै खाद्य पदार्थका लागि तोकिएको चारित्रिक गुण, स्तर, मात्रा, परिधि तथा स्वच्छता सम्बन्धी स्तर सम्झनु पर्छ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ढ) "पहिचान पद्धति (ट्रेसियाबिलिटि)" भन्नाले खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, निकासी, पैठारी तथा बिक्री वितरणका चरणहरूमा खाद्य पदार्थको अवस्थाको क्रमलाई पछ्याउने विवरणको पद्धति सम्झनु पर्छ।

(ण) "प्याकेजिङ्ग" भन्नाले खाद्य पदार्थलाई कुनै कन्टेनर, क्यान, बोटल, कार्टुन, बाकस, केज, बोरा, झिल्ली, प्लाष्टिक वा यस्तै अन्य वस्तुमा बेर्ने, पोका पार्ने, बिर्को बन्द गर्ने, राख्ने वा छोप्ने कार्य सम्झनु पर्छ।

(त) "प्रशोधन सहयोगी (प्रोसेसिङ् एड)" भन्नाले प्रत्यक्ष खाद्य सम्मिश्रणका रूपमा प्रयोग नभई खाद्य प्रशोधन वा उपचार जस्ता प्राविधिक प्रयोजनलाई सहजीकरण गर्न प्रयोग गरिने यान्त्रिक उपकरण बाहेकका सहयोगी पदार्थ सम्झनु पर्छ।

(थ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(द) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

(ध) "लेबल" भन्नाले खाद्य पदार्थ प्याकेजिङ्ग गरिएको भाँडो, प्याकेट वा कन्टेनरको आवरणमा टाँसिएको, लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, कुँदिएको, इम्बोस गरिएको, समावेश गरिएको वा अन्य कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किसिमले राखिएको जानकारी वा विवरण उल्लेख गरिएको बारकोड, क्यूआर कोड, ट्याग, चिह्न, तस्विर वा अन्य त्यस्तै किसिमका सङ्केत वा विवरण सम्झनु पर्छ ।

(न) "विभाग" भन्नाले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग सम्झनु पर्छ ।

(प) “समिति” भन्नाले दफा ५ बमोजिमको खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समिति सम्झनु पर्छ।

(फ) “सम्मिश्रण” भन्नाले खाद्य पदार्थको उत्पादन वा तयारीमा कच्चा पदार्थको रूपमा प्रयोग भएका खाद्य पदार्थ, पोषक तत्त्व, खाद्य योगशील र मरमसला जस्ता वस्तु सम्झनु पर्छ।

(ब) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(भ) “सेवाप्रदायक” भन्नाले होटेल, मोटेल, लज, रेष्टुरेण्ट, रिसोर्ट वा बार सम्झनु पर्छ र सो शब्दले खाने वा पिउने सेवा प्रदान गर्ने क्याटरिङ्ग, क्याण्टिन, भोजनालय, मिठाई पसल, चिया पसल, चमेना गृह वा यस्तै अन्य कुनै नामबाट खाद्य व्यवसाय सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-२

## खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर

३. **खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण गर्नेः** (१) नेपाल सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको स्वच्छता तथा गुणस्तर कायम गर्नु, गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४. **स्वच्छता तथा गुणस्तरको नियमनः** (१) नेपाल सरकारले खाद्य स्वच्छता तथा गुणस्तरको नियमन गर्ने वा गराउनेछ।

(२) प्रदेश सरकारले आफ्नो प्रदेशभित्र र स्थानीय तहले आफ्नो क्षेत्रभित्र खाद्य स्वच्छता तथा गुणस्तरको नियमन गर्ने वा गराउनेछ।

५. **खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिः** (१) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारणको लागि नेपाल सरकार समक्ष सिफारिस, राय तथा सुझाव पेश गर्न देहाय बमोजिमको एक खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ग) सहसचिव, नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

(घ) मन्त्रालयको खाद्य प्रविधि सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (ङ) | सहसचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| (च) | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | - सदस्य |
| (छ) | खाद्य प्रविधि, खाद्य पोषण वा खाद्य स्वच्छता सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेका र खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुईजना महिला सहित तीनजना | - सदस्य |
| (ज) | उपभोक्ताको हक हित संरक्षणको क्षेत्रमा कार्यरत संघ, संस्थामध्येबाट मन्त्रालयले मनोनयन गरेको संघ, संस्थाको प्रतिनिधि एकजना | - सदस्य |
| (झ) | खाद्य वैज्ञानिक वा प्राविधिज्ञहरूको पेशागत संघ, संस्थाबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुईजना | - सदस्य |
| (ञ) | नेपाल कृषि अनुसन्धान परिषद्को खाद्य सम्बन्धी विषय हेर्ने मन्त्रालयले तोकेको विज्ञ एकजना | - सदस्य |
| (ट) | मन्त्रालयले तोकेको खाद्य विज्ञान तथा प्रविधि सम्बन्धी विषय अध्यापन गर्ने विश्वविद्यालयका कम्तीमा उपप्राध्यापकस्तरको विज्ञ एकजना | - सदस्य |
| (ठ) | महानिर्देशक, विभाग | - सदस्य-सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को खण्ड (छ), (ज) र (झ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरू अर्को एक अवधिको लागि पुनः मनोनयन हुन सक्नेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (छ), (ज) र (झ) बमोजिम मनोनीत सदस्यले खाद्य स्वच्छता तथा गुणस्तर विरुद्ध वा यस ऐन विपरीतको कुनै काम कारबाही गरेमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनुअघि सम्बन्धित सदस्यलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (१) को खण्ड (छ), (ज) र (झ) बमोजिम सदस्य मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

(६) समितिको सचिवालय विभागमा रहनेछ।

६. <u>**समितिको बैठकः**</u> (१) समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकमा उपस्थित सदस्यको नाम, छलफल भएका विषय तथा बैठकमा भएका निर्णय निर्णय-पुस्तिकामा लेखी उपस्थित सदस्यको दस्तखत गराई राख्नु पर्नेछ।

(७) समितिको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण तथा खाद्य स्वच्छता व्यवस्थापन प्रणाली निर्धारण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी नीति निर्माण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ग) खाद्य व्यवसायमा स्वच्छता तथा गुणस्तर कायम राख्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच समन्वय र सहजीकरण गर्ने,

(घ) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण तथा खाद्य स्वच्छता व्यवस्थापन प्रणाली



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवलम्बनका लागि सरोकारवाला निकायलाई निर्देशन दिने,

(ङ) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा आवश्यक पर्ने मानव स्रोत विकासको लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(च) समितिको काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(छ) खाद्य व्यवसायी, सेवाग्राही तथा अन्य सरोकारवालाको गुनासो सुन्ने तथा त्यसको व्यवस्थापन गर्ने, गराउने, र

(ज) खाद्य पदार्थहरूलाई विभिन्न समूह वा उपसमूहमा समूहीकृत गर्ने।

(२) समितिले खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्दा देहायका आधारमा गर्नेछः-

(क) खाद्य पदार्थको प्राकृतिक तथा विशिष्ट गुण,

(ख) सम्बन्धित खाद्य पदार्थको वैज्ञानिक तथ्य तथा आधार,

(ग) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मान्यता र मापदण्डहरू,

(घ) खाद्य पदार्थमा प्रयोग हुने अवयव र पौष्टिक तत्त्व,

(ङ) खाद्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभाव वा असर, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धमा अवलम्बन गर्नु पर्ने तत्कालीन पक्ष तथा आधारहरू।

## परिच्छेद-३
## खाद्य व्यवसाय दर्ताको सिफारिस तथा अनुमतिपत्र

८. **सिफारिस लिनु पर्नेः** (१) खाद्य पदार्थको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चय गर्ने तोकिए बमोजिमका उद्योग स्थापना गर्न चाहने व्यक्तिले त्यस्तो उद्योग दर्ता गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट सिफारिस लिनु पर्नेछ।

(२) प्रदेश कानून बमोजिम प्रदेश सरकारको उद्योग दर्ता गर्ने निकायमा दर्ता गरी खाद्य पदार्थको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चय गर्ने उद्योग स्थापना गर्न चाहने व्यक्तिले प्रदेश सरकारले तोकेको खाद्य स्वच्छता सम्बन्धी काम गर्ने कार्यालय वा निकायबाट सिफारिस लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश सरकारले खाद्य स्वच्छता सम्बन्धी काम गर्ने कार्यालय वा निकाय नतोकेसम्म सो उपदफा बमोजिमका उद्योग स्थापनाको लागि उपदफा (१) बमोजिम विभाग वा विभागले तोकेको कार्यालयबाट सिफारिस लिनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम सिफारिस लिन चाहने व्यक्तिले देहाय बमोजिमका कागजात तथा विवरण संलग्न गरी विभाग, सम्बन्धित कार्यालय वा निकायमा निवेदन दिनु पर्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उद्योग दर्ता गर्ने निकायले सिफारिस माग गरेको पत्र,

(ख) उद्योगको पुँजी, किसिम र क्षमता, र

(ग) उत्पादन र प्रशोधन गर्न चाहेको खाद्य पदार्थको खाद्य स्वच्छता तथा गुणस्तर कायम गरिने प्रक्रिया सम्बन्धी प्राविधिक प्रस्ताव र तत्सम्बन्धी जनशक्तिको विवरण।

(५) उपदफा (४) बमोजिम प्राप्त कागजात तथा विवरणउपर जाँचबुझ गर्दा निवेदकले उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चय गर्न चाहेको खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम गर्न सक्ने देखिएमा विभाग, सम्बन्धित कार्यालय वा निकायले दस्तुर लिई उद्योग दर्ता गर्न सिफारिस दिनेछ।

९. **अनुमतिपत्र लिनु पर्नेः** (१) कसैले खाद्य व्यवसाय सञ्चालन गर्नुअघि यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

तर तोकिए बमोजिमका खाद्य व्यवसाय सञ्चालन गर्न यस ऐन बमोजिम अनुमतिपत्र लिनु अनिवार्य हुने छैन।

(२) अनुमतिपत्र लिनको लागि देहायको खाद्य व्यवसायीले देहायको अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) खाद्य पदार्थको थोक वा खुद्रा व्यापार गर्ने, घुमिफिरी खाद्य पदार्थ बिक्री (स्ट्रिट भेण्डीङ्ग) गर्ने, होटेल, मोटेल, रेष्टुरेण्ट, फुड कोर्ट, फुड पार्क, चमेना गृह, क्याटरिङ्ग, भोजनालय, होमस्टे वा यस्तै अन्य कुनै नामबाट खाद्य पदार्थको व्यवसाय वा सेवा प्रदान गर्ने वा प्रचलित कानून बमोजिम स्थानीय तहमा दर्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु पर्ने अन्य खाद्य व्यवसाय गर्नको लागि सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको अधिकृत, र

(ख) खाद्य पदार्थको निकासी वा पैठारी सम्बन्धी व्यवसाय वा खण्ड (क) मा लेखिएदेखि बाहेकका अनुमतिपत्र लिनु पर्ने अन्य खाद्य व्यवसायको हकमा महानिर्देशक वा कार्यालयको प्रमुख।

(३) उपदफा (२) बमोजिम दिइने निवेदन साथ देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछः-

(क) खाद्य व्यवसाय दर्ता भएको प्रमाणको प्रतिलिपि,

(ख) उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चय गरिने खाद्य पदार्थको विवरण र वार्षिक परिमाण,

(ग) खाद्य पदार्थको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चयमा स्वच्छता र गुणस्तर कायम गर्न अवलम्बन गरिने प्रविधि तथा पद्धति सम्बन्धी विस्तृत विवरण, र

(घ) खाद्य व्यवसाय गर्ने ठेगाना तथा सम्पर्क नम्बर र व्यवस्थापनमा संलग्न रहने प्रमुख व्यक्तिहरू सम्बन्धी विवरण।

(४) उपदफा (२) को खण्ड (क) बमोजिमको खाद्य व्यवसाय सञ्चालनको लागि प्रत्येक स्थानीय तहको लागि छुट्टाछुट्टै अनुमतिपत्र लिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर अनुमतिपत्र जारी गर्ने अधिकारीले स्थलगत निरीक्षण, प्रयोगशाला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परीक्षण समेत गरी, गराई जाँचबुझ गर्दा निवेदकलाई खाद्य व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र दिन उपयुक्त देखिएमा खाद्य व्यवसाय सञ्चालन गर्दा पालना गर्नु पर्ने सर्तहरू समेत तोकी दस्तुर लिई तीस दिनभित्र अनुमतिपत्र प्रदान गर्नेछ।

१०. **<u>अनुमतिपत्रको मान्य अवधि र नवीकरण</u>**: (१) अनुमतिपत्रको मान्य अवधि त्यस्तो अनुमतिपत्र जारी भएको मितिले दुई वर्षको हुनेछ र प्रत्येक दुई वर्षमा अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(२) खाद्य व्यवसायीले अनुमतिपत्रको मान्य अवधि समाप्त हुनुभन्दा कम्तीमा पैंतीस दिन अगावै देहायका विवरण तथा कागजात र नवीकरण दस्तुर बुझाएको प्रमाण सहित अनुमतिपत्र नवीकरणको लागि अनुमतिपत्र जारी गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) खाद्य व्यवसायीको पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाण, र

(ख) अनुमतिपत्र लिंदाका बखत पेश गरेको विवरणमा फेरबदल भएको रहेछ भने त्यसको अद्यावधिक विवरण।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्रको मान्य अवधि सकिएको छ महिनाभित्र दोब्बर दस्तुर तिरी सो उपदफा बमोजिम त्यस्तो अनुमतिपत्र नवीकरण गर्न सकिनेछ।

(४) अनुमतिपत्र जारी गर्ने अधिकारीले अनुमतिपत्र नवीकरणको लागि निवेदन परेको मितिले तीन महिनाभित्र नवीकरण सम्बन्धी निर्णय गरिसक्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. **<u>अनुमतिपत्र निलम्बन र फुकुवा</u>:** (१) देहायको अवस्थामा अनुमतिपत्र जारी गर्ने अधिकारीले देहाय बमोजिमको अवधिसम्म अनुमतिपत्र निलम्बन गर्न सक्नेछः-

(क) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्नको लागि कुनै आदेश दिइएकोमा त्यस्तो आदेशमा निर्धारित अवधिभित्र पनि त्यस्तो व्यवस्था कायम नगरेमा सो व्यवस्था कायम नगरेसम्मको लागि,

(ख) प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारी वा निकायबाट अनुमतिपत्र निलम्बनको लागि लेखी आएमा बढीमा तीन महिनाको लागि,

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी न्यूनतम स्तर कायम गरेको नपाइएमा त्यस्तो स्तर कायम नगरेसम्मको लागि, वा

(घ) दफा १० बमोजिम अनुमतिपत्र नवीकरण नगरेमा त्यस्तो नवीकरण नगरेसम्मको अवधिको लागि।

(२) उपदफा (१) बमोजिम कुनै खाद्य व्यवसायीको अनुमतिपत्र निलम्बन गर्नुअघि निजलाई यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वच्छता तथा गुणस्तरको व्यवस्था कायम गर्न वा अनुमतिपत्र नवीकरण गराउनको लागि तीस दिनको अवधि दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको अवधिभित्र पनि कुनै खाद्य व्यवसायीले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी न्यूनतम व्यवस्था कायम नगरेमा वा अनुमतिपत्र नवीकरण गराउनको लागि निवेदन नदिएमा त्यस्तो खाद्य व्यवसायीको अनुमतिपत्र उपदफा (१) बमोजिम अनुमतिपत्र जारी गर्ने अधिकारीले निलम्बन गर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र निलम्बन भएकोमा त्यस्तो अवधिभर खाद्य व्यवसायीले अनुमतिपत्र बमोजिमको खाद्य व्यवसाय गर्न पाउने छैन।

(५) उपदफा (३) बमोजिम अनुमतिपत्र निलम्बन भएको खाद्य व्यवसायीले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी न्यूनतम व्यवस्था कायम गरी अनुमतिपत्रको निलम्बन फुकुवाको लागि अनुमतिपत्र जारी गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन प्राप्त भएमा अनुमतिपत्र जारी गर्ने अधिकारीले आवश्यक निरीक्षण तथा जाँच गर्दा निवेदकले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य स्वच्छता तथा गुणस्तरको लागि न्यूनतम व्यवस्था कायम गरेको पाइएमा निजको अनुमतिपत्रको निलम्बन फुकुवा गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिम अनुमतिपत्र निलम्बन भएकोमा त्यस्तो अनुमतिपत्र नवीकरण गराउन पाउने अवधि व्यतित भएपछि दफा १० को उपदफा (३) बमोजिम लाग्ने दस्तुरको पाँचगुणा दस्तुर लिई निलम्बन गर्ने अधिकारीले त्यस्तो अनुमतिपत्र नवीकरण र नियमित गरी निलम्बन फुकुवा गरिदिन सक्नेछ।

१२. **<u>अनुमतिपत्र खारेज गर्न सकिने</u>**: देहायको अवस्थामा अनुमतिपत्र जारी गर्ने अधिकारीले सम्बन्धित खाद्य व्यवसायीको अनुमतिपत्र खारेज गर्न सक्नेछ:-

(क) खाद्य व्यवसायीले आफूले प्राप्त गरेको अनुमतिपत्र खारेज गर्नको लागि निवेदन दिएमा, वा

(ख) खाद्य व्यवसायको दर्ता प्रचलित कानून बमोजिम कायम नरहेमा वा खारेज भएमा।

१३. **<u>स्वीकृति लिनु पर्ने</u>**: (१) खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको स्वीकृति लिएपछि खाद्य पदार्थ पैठारी गरिसक्नु पर्ने अवधि, स्वीकृतिको ढाँचा तथा तत्सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१४. <u>निकासीको लागि गुणस्तर प्रमाणीकरण गराउन सक्ने</u>ः** (१) खाद्य व्यवसायीले निकासी गर्न चाहेको खाद्य पदार्थ निकासी गरिने मुलुकको गुणस्तर मापदण्ड बमोजिम भए वा नभएको प्रमाणीकरण गराउन चाहेमा विभाग वा विभागले तोकेको कार्यालयबाट प्रमाणीकरण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खाद्य पदार्थको गुणस्तर प्रमाणीकरण गर्दा लाग्ने शुल्क तथा प्रमाणीकरण सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## <u>खाद्य पदार्थ सम्बन्धमा निषेधित कार्य</u>

**१५. <u>दूषित खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने</u>ः** कसैले मानव उपभोगको लागि देहायको कुनै अवस्थाको दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण गर्न वा गराउन हुँदैनः-

(क) सडे गलेको, फोहोरमैला मिसिएको वा विषाक्त अवस्थामा राखिएको वा तयार पारिएको,

(ख) मानव उपभोगको लागि अनुपयुक्त हुने गरी केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशुपन्छी वा हानिकारक वनस्पतिबाट बनेको,

(ग) मानव स्वास्थ्यलाई असर गर्ने रोगकारक सुक्ष्म जिवाणु वा हानिकारक तत्व वा रसायनको मात्रा तोकिएको अधिकतम सीमाभन्दा बढी भएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खाद्य श्रृङ्खलाको कुनै चरणमा अन्तर्विकसित वा बहिर्मिश्रित रसायन, जीवनाशक विषादीको अवशेष, पशुजन्य औषधिको अवशेष, जिवाणुजन्य विष (टक्सिन) को लागि तोकिएको अधिकतम सीमाभन्दा बढी भएको,

(ङ) प्राकृतिक वा कृत्रिम विषजन्य पदार्थ (टक्सिन), हर्मोन वा मनोद्दिपक (साइकोट्रपिक) रसायनको प्रयोग गरेको,

(च) तत्कालीन वा दीर्घकालीन असर पुऱ्याउन सक्ने तोकिएको अधिकतम सीमाभन्दा बढी विकिरणयुक्त,

(छ) यस ऐन वा प्रचलित कानून बमोजिम खाद्य पदार्थमा प्रयोग गर्नका लागि बन्देज लगाइएको वस्तु वा पदार्थ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रयोग गरिएको।

१६. **न्यूनस्तरका खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने**: कसैले देहायका न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण गर्न वा गराउन हुँदैनः-

(क) दफा १५ बमोजिमका खाद्य पदार्थ बाहेक यस ऐन बमोजिम निर्धारण गरेको स्वच्छता तथा गुणस्तर अनुरुप नभएका खाद्य पदार्थ, वा

(ख) कुनै खाद्य पदार्थको स्वभाविक गुणभन्दा कमसल हुने गरी प्रमुख अङ्गको परिमाण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घटाइएको वा अर्को कुनै वस्तु मिश्रण गरिएको खाद्य पदार्थ।

तर एकभन्दा बढी वस्तु मिश्रित खाद्य पदार्थमा त्यस्तो मिश्रित खाद्य पदार्थको नाम र परिमाण स्पष्ट उल्लेख भई त्यस्ता मिश्रित खाद्य पदार्थ स्वच्छ र गुणस्तरीय भएमा त्यस्तो पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी तथा बिक्री वितरण गर्न बाधा परेको मानिने छैन।

१७. **झुक्याई खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने**: कसैले देहायको कुनै कार्य गरी ढाँटी वा झुक्याई खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण गर्न वा गराउन हुँदैनः-

(क) कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई,

(ख) कुनै खाद्य पदार्थमा प्रयोग गरेको सम्मिश्रण वा दाबीमा झुटो जानकारी दिई वा भ्रामक दाबी गरी,

(ग) न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई,

(घ) कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा अखाद्य पदार्थ वा न्यून गुणस्तरको खाद्य पदार्थ मिसावट गरी उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई, वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्याकेजिङ्ग गरिएको खाद्य पदार्थको लेबलमा प्रयोग गरिने कुनै लिखत, भनाई, चिह्न, डिजाइन लगायतका विवरण झुटो वा भ्रामक रूपमा प्रस्तुत गरी।

१८. **<u>बढी मात्रामा प्रयोग गर्न नहुने</u>**: कुनै खाद्य पदार्थमा खाद्य योगशील तथा प्रशोधन सहयोगी पदार्थ तोकिएको मात्राभन्दा बढी प्रयोग गर्नु वा गराउनु हुँदैन।

१९. **<u>लेबल नलगाई उत्पादन तथा बिक्री वितरण गर्न नहुने</u>**: (१) प्याकेजिङ्ग गरिएको खाद्य पदार्थमा लेबल नलगाई उत्पादन तथा बिक्री वितरण गर्नु वा गराउनु हुँदैन।

(२) प्याकेजिङ्ग गरिएको खाद्य पदार्थको लेबलमा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) खाद्य पदार्थको नाम, उत्पादकको नाम र ठेगाना,

(ख) खाद्य पदार्थको सम्मिश्रण,

(ग) वस्तुको तौल वा आयतन, बिक्री मूल्य, ब्याच नम्बर र उत्पादन मिति,

(घ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने वस्तु भए त्यस्तो अवधि,

(ङ) कुनै खास अवस्थाका उपभोक्ताको स्वास्थ्यलाई हानि पुऱ्याउने खालका खाद्य पदार्थको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिह्नको प्रयोग, र

(च) तोकिएको खाद्य पदार्थमा पोषणको मात्रा सम्बन्धी विवरण।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम लेबलमा उल्लेख गर्नु पर्ने विवरण सर्वसाधारणले बुझ्ने गरी नेपालभित्र उत्पादन भएका खाद्य पदार्थ भए उत्पादक तथा प्रशोधनकर्ताले र निकासी वा पैठारी गरिने खाद्य पदार्थ भए निकासी वा पैठारीकर्ताले नेपाली वा अंग्रेजी भाषामा लेख्नु पर्नेछ। नेपाली वा अंग्रेजी भाषाका अतिरिक्त अन्य कुनै भाषामा पनि त्यस्तो विवरण लेख्न सकिनेछ।

(४) नेपालभित्र उत्पादन तथा प्रशोधन हुने र नेपाली बजारमा बिक्री वितरण हुने खाद्य पदार्थमा लगाइने लेबलमा उपदफा (३) बमोजिम लेखिने भाषा छनौट गर्दा नेपाली भाषालाई प्राथमिकता दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम लेबल नलगाइएको खाद्य पदार्थ नेपालमा पैठारी र बिक्री वितरण गर्न पाइने छैन।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला रूपमा बिक्री वितरण गरिने तरकारी, फलफूल जस्ता खाद्य पदार्थ बिक्री वितरण गर्दा यस दफामा लेखिएका कुरा उल्लेख गर्न आवश्यक हुने छैन।

तर पैठारी भएका तरकारी र फलफूलको प्याकेजिङ्गमा लेबल लगाउनु पर्नेछ।

## परिच्छेद-५
## खाद्य व्यवसायीको दायित्व

२०. **उत्पादक, प्रशोधनकर्ता तथा प्याकेजिङ्गकर्ताको दायित्व**: खाद्य पदार्थको उत्पादक, प्रशोधनकर्ता तथा प्याकेजिङ्गकर्ताले खाद्य पदार्थको उत्पादन, प्रशोधन वा प्याकेजिङ्ग गर्दा प्रचलित कानून



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) दफा १५ वा १६ बमोजिम खाद्य पदार्थ दूषित वा न्यूनस्तरको नरहेको सुनिश्चित गर्ने,

(ख) खाद्य पदार्थको उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग गर्दा खाद्य स्वच्छता तथा व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने,

(ग) खाद्य पदार्थको उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग गर्ने स्थान र परिसर सफा राख्ने,

(घ) विभाग, कार्यालय वा खाद्य निरीक्षण अधिकारीले माग गरेको उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग सम्बन्धी विवरण समयमै उपलब्ध गराउने,

(ङ) सरुवा वा संक्रमित रोग लागेका कामदारलाई त्यस्तो रोग निको नभएसम्मको लागि खाद्य उत्पादन, प्रशोधन तथा प्याकेजिङ्गको काममा नलगाउने,

(च) विभाग, कार्यालय वा खाद्य निरीक्षण अधिकारीले निश्चित अवधिका लागि रोक लगाएका खाद्य पदार्थ उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग नगर्ने वा नगराउने,

(छ) खाद्य स्वच्छता तथा गुणस्तर कायम राख्न तोकिए बमोजिमका विज्ञ वा प्राविधिक जनशक्तिको व्यवस्था गर्ने, र

(ज) पहिचान पद्धति (ट्रेसियाबिलिटि) कायम गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **पैठारीकर्ताको दायित्वः** खाद्य पदार्थको पैठारीकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिएर मात्र पैठारी गर्ने,

(ख) प्रवेश नाकामा आइसकेका खाद्य पदार्थ विभाग वा विभागले तोकेको कार्यालयले परीक्षण गरी प्रवेश अनुमति जारी गरेपछि मात्र प्रवेश गराउने,

(ग) विभाग, कार्यालय वा खाद्य निरीक्षण अधिकारीले माग गरेको खाद्य पदार्थको विवरण उपलब्ध गराउने, र

(घ) पहिचान पद्धति (ट्रेसियाबिलिटि) कायम गर्ने।

२२. **ढुवानीकर्ताको दायित्वः** खाद्य पदार्थको ढुवानीकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) दूध, माछा, मासु जस्ता विशेष व्यवस्था गरी ढुवानी गर्नु पर्ने खाद्य पदार्थ तोकिए बमोजिमको मापदण्ड अनुरुपको ढुवानीको साधनबाट ढुवानी गर्ने,

(ख) स्वच्छ, सफा, टुटफुट नभएको, राम्ररी मर्मत गरिएको साधनबाट मात्र ढुवानी गर्ने,

(ग) खाद्य पदार्थ र अखाद्य पदार्थ सँगै राखेर ढुवानी नगर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) ढुवानी गरिने खाद्य पदार्थको प्रकृति अनुसार निर्धारित अवधिभित्र नै ढुवानी गर्ने, र

(ङ) ढुवानी गर्दा खाद्य पदार्थको स्वच्छता, गुणस्तर तथा सुरक्षात्मक व्यवस्था अवलम्बन गर्ने।

२३. **सञ्चयकर्ताको दायित्व**: खाद्य पदार्थको सञ्चयकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) खाद्य पदार्थको गुणस्तरमा ह्रास नआउने गरी सञ्चय गर्ने,

(ख) खाद्य पदार्थ सञ्चय गर्ने स्थान तथा भण्डार स्वच्छ, सफा र सुरक्षित राख्ने,

(ग) खाद्य पदार्थको प्रकृति अनुसार तोकिए बमोजिमको आर्द्रता र तापक्रमको व्यवस्था मिलाइ सञ्चय गर्ने,

(घ) खाद्य पदार्थको स्वच्छता र गुणस्तरमा ह्रास आउने प्रकृतिको कुनै कार्य नगर्ने,

(ङ) खाद्य पदार्थको लेबलको विवरणमा कुनै किसिमको फेरबदल नगर्ने, र

(च) पहिचान पद्धति (ट्रेसियाबिलिटि) कायम गर्ने।

२४. **बिक्रेताको दायित्व**: खाद्य पदार्थको बिक्रेताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) खाद्य पदार्थको प्रकृति अनुसार गुणस्तरमा कमी नआउने गरी उपयुक्त बिक्री कक्षको व्यवस्था गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) तोकिएको मापदण्ड बमोजिम हुने गरी खाद्य पदार्थ बिक्री वितरण गर्ने,

(ग) खाद्य पदार्थको प्रकृति अनुरुप सोकेस वा बिक्री कक्षमा तोकिए बमोजिमको आवश्यक आर्द्रता र तापक्रमको व्यवस्था मिलाउने,

(घ) लेबल लगाउनु पर्ने खाद्य पदार्थको लेबल नभएका र उपभोग्य अवधि समाप्त भएका खाद्य पदार्थ बिक्री वितरण नगर्ने, र

(ङ) पहिचान पद्धति (ट्रेसियाबिलिटि) कायम गर्ने।

**२५. <u>सेवाप्रदायकको दायित्व</u>**: सेवाप्रदायकले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) तोकिएको मापदण्ड बमोजिमका खाद्य पदार्थ उपलब्ध गराउने,

(ख) खाद्य पदार्थको प्रकृति अनुरुप बिक्री सोकेस वा कक्षमा तोकिए बमोजिमको आवश्यक आर्द्रता र तापक्रमको व्यवस्था मिलाउने,

(ग) खाद्य पदार्थ तयारी तथा वितरण गर्ने स्थान तथा परिसर स्वच्छ र सफा राख्ने, र

(घ) पहिचान पद्धति (ट्रेसियाबिलिटि) कायम गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-६

## विभाग तथा प्रयोगशाला

२६. **विभागको काम, कर्तव्य र अधिकारः** खाद्य स्वच्छता तथा गुणस्तर नियमन गर्ने वा गराउने सम्बन्धमा विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य श्रृङ्खलाको सबै चरणमा स्वच्छता तथा गुणस्तर नियमन गर्ने,

(ख) आहारपूरक, न्यूट्रास्युटिकल, प्रोप्राइटरी लगायतका खाद्य पदार्थको खाद्य स्वच्छता व्यवस्थापन प्रणालीको विकास गर्ने तथा खाद्य पदार्थ सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ग) यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो बमोजिम अनुमतिपत्र लिएर खाद्य व्यवसाय सञ्चालन गरे वा नगरेको अनुगमन गर्ने,

(घ) कसैले यस ऐन बमोजिम तोकिएको गुणस्तरभन्दा न्यून गुणस्तरको खाद्य पदार्थ वा दफा १५ बमोजिमको दूषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थ ढाँटी झुक्याई बिक्री वितरण गरे वा गराएको वा खाद्य प्रयोगशालाले यस ऐन बमोजिमको मापदण्ड पूरा गरे वा नगरेको विषयमा नेपाल सरकारले नेपालभर र प्रदेश सरकार वा स्थानीय तहले आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्ने वा गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) खाद्य स्वच्छतासँग सम्बन्धित जोखिमको मूल्याङ्कन, व्यवस्थापन, सञ्चार तथा नियमन प्रणाली विकास गर्ने,

(च) अन्य सम्बन्धित निकायसँगको समन्वयमा खाद्यजन्य रोगहरूको निगरानी (फुड बोर्न डिजिज सर्भिलेन्स) गर्ने संयन्त्रको विकास तथा व्यवस्थापन गर्ने,

(छ) प्रदेश सरकार तथा स्थानीय तहबाट हुने खाद्य व्यवसाय निरीक्षण तथा अनुगमनमा सहयोग तथा सहजीकरण गर्ने,

(ज) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको आधारमा विभिन्न प्रकारका लोगो एवं स्टिकरको माध्यमबाट खाद्य व्यवसायको स्तरीकरण तथा ग्रेडिङ्ग गर्ने,

(झ) खाद्य प्रविधि तथा खाद्य पोषणको अध्ययन, अनुसन्धान र विकास गर्ने,

(ञ) खाद्य स्वच्छता, गुणस्तर तथा पोषण सम्बन्धी जनचेतना अभिवृद्धि तथा तालिम प्रदान गर्ने,

(ट) कोडेक्स एलिमेन्टारीयस कमिशन लगायतका खाद्य स्वच्छता र गुणस्तर सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्थाको सम्पर्क बिन्दु तथा खाद्य स्वच्छताको हकमा स्यानिटरी एण्ड फाइटोस्यानिटरी (एस.पी.एस.) इन्क्वारी प्वाइण्ट सम्बन्धी काम गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) विभागले प्रवाह गर्ने सेवा प्रभावकारी ढङ्गले प्रवाह गर्न आवश्यकता अनुसार विद्युतीय प्रणाली विकास गरी प्रयोगमा ल्याउने, र

(ड) तोकिए बमोजिमका अन्य काम गर्ने।

२७. **खाद्य प्रयोगशाला**ः (१) नेपाल सरकारले खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धी अनुसन्धान, परीक्षण, विश्लेषण गर्न खाद्य प्रयोगशाला तथा सन्दर्भ प्रयोगशाला (रिफरेन्स ल्याब) को स्थापना गर्नेछ।

(२) प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो क्षेत्रमा खाद्य प्रयोगशाला स्थापना र सञ्चालन गर्न सक्ने छन्।

(३) खाद्य प्रयोगशाला स्थापना तथा सञ्चालनको लागि देहायको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) खाद्य प्रयोगशाला सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार तथा दक्ष जनशक्तिको व्यवस्था गरेको,

(ख) खाद्य प्रयोगशाला सेवा उपलब्ध गराउन आवश्यक उपकरण तथा सुविधाहरूको निरन्तर उपलब्धताको सुनिश्चितता भएको,

(ग) खाद्य प्रयोगशालाबाट उपलब्ध हुने विश्लेषण सेवाको गुणस्तर सुनिश्चितताको लागि असल खाद्य प्रयोगशाला अभ्यास प्रणाली लागू गरेको,

(घ) विश्लेषण सेवा प्रदान गर्न आवश्यक विश्लेषण पद्धति भ्यालिडेसन गरेको सुनिश्चितता गरेको,

(ङ) खाद्य प्रयोगशाला म्यानुअल तथा स्टाण्डर्ड अपरेटिङ कार्यविधि तयार गरेको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) क्यालिब्रेटेड उपकरण तथा ग्लासवेयर प्रयोग गर्ने सुनिश्चितता गरेको,

(छ) खाद्य प्रयोगशाला ग्रेडको रासायनिक तथा रियजेण्टको प्रयोग तथा त्यसको सञ्चय तथा व्यवस्थापनको लागि उपयुक्त व्यवस्था गरेको,

(ज) खाद्य प्रयोगशालाबाट निस्कने रासायनिक तथा जैविक फोहोरको उचित व्यवस्थापन प्रणाली स्थापना गरेको,

(झ) सम्भावित दुर्घटना तथा आपतकालीन अवस्थामा खाद्य प्रयोगशालाका कर्मचारीको सुरक्षाको उचित व्यवस्था गरेको,

(ञ) विश्लेषण प्रतिवेदनको पहिचान पद्धति (ट्रेसियाबिलिटी) कायम गरेको, र

(ट) प्रयोगशाला अभिलेख व्यवस्थापन प्रणाली लागू गरेको।

(४) उपदफा (३) बमोजिमको मापदण्ड पूरा गरेका निजी क्षेत्रका खाद्य प्रयोगशालालाई विभागले खाद्य विश्लेषण सम्बन्धी कार्य गर्ने गरी सूचीकरण गर्न सक्नेछ।

## परिच्छेद-७
## अनुगमन तथा निरीक्षण

२८. **खाद्य निरीक्षण अधिकारी**: (१) विभागले खाद्य पदार्थको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य गर्न खाद्य विज्ञान वा खाद्य प्रविधि सम्बन्धी विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी खाद्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुगमन निरीक्षण सम्बन्धी आधारभूत तालिम लिएका वा विज्ञान वा प्रयोगशाला प्रविधि (ल्याब टेक्नोलोजी) वा खाद्य प्रविधि (फूड टेक्नोलोजी) विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी खाद्य परीक्षण वा निरीक्षण सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेका विभाग वा कार्यालयमा कार्यरत कर्मचारीलाई खाद्य निरीक्षण अधिकारी तोक्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत खाद्य निरीक्षकको रूपमा कार्यरत कर्मचारीलाई समेत विभागले खाद्य निरीक्षण अधिकारी तोक्न बाधा पर्ने छैन।

२९. **खाद्य निरीक्षण अधिकारीको काम, कर्तव्य र अधिकार**ः (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त खाद्य निरीक्षण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, पैठारी वा बिक्री वितरणमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको सर्त वा व्यवस्था पालना भए वा नभएको विषयमा नियमित रूपमा अनुगमन तथा निरीक्षण गर्ने,

(ख) कसैले यस ऐन विपरीत खाद्य पदार्थ उत्पादन, प्रशोधन, सञ्चय, पैठारी वा बिक्री वितरण गरेको शङ्का लागेमा वा कुनै माध्यमबाट जानकारी प्राप्त भएमा तत्काल अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्ने वा त्यस्तो खाद्य पदार्थको नमूना सङ्कलन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (ख) बमोजिम सङ्कलित नमूना परीक्षण तथा विश्लेषणका लागि खाद्य विश्लेषक समक्ष पठाउने,

(घ) अनुगमन, निरीक्षण तथा जाँचबुझका क्रममा खाद्य व्यवसायी वा अन्य सम्बन्धित व्यक्तिसँग आवश्यक विवरण वा जानकारी माग गर्ने,

(ङ) कसैले यस ऐन विपरीत खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, बिक्री वितरण वा व्यवसाय गरेको पाइएमा त्यस्ता खाद्य पदार्थको नमूना लिई निश्चित अवधिको लागि सो खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय वा बिक्री वितरणमा स्थानीय तहको सम्बन्धित वडाको अध्यक्ष, सदस्य वा स्थानीय प्रशासनको प्रतिनिधिको रोहवरमा रोक लगाउने, र

(च) तोकिए बमोजिमका अन्य काम गर्ने।

(२) खाद्य निरीक्षण अधिकारीले उपदफा (१) को खण्ड (ङ) बमोजिम रोक लगाएकोमा त्यसरी रोक लगाउनु पर्नाको कारण सहितको प्रतिवेदन तयार गरी तीन दिनभित्र सम्बन्धित कार्यालय र महानिर्देशक समक्ष पठाउनु पर्नेछ।

**३०. जाँचबुझ गर्ने**: (१) कसैले खाद्य स्वच्छता, गुणस्तर वा खाद्य स्वच्छता व्यवस्थापन प्रणाली विपरीत हुने गरी खाद्य व्यवसाय वा खाद्य सम्बन्धी कुनै कार्य गरेको कारणबाट सर्वसाधारणमा व्यापक क्षति पुगेको वा पुग्न सक्ने अवस्था भएमा र त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विषयमा उच्चस्तरको जाँचबुझ गराउन आवश्यक देखिएमा विभाग वा मन्त्रालयले जाँचबुझ गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्ने वा गराउने सम्बन्धमा विभाग वा मन्त्रालयले सम्बन्धित विषयका विशेषज्ञ, प्रभावित प्रदेशको सम्बन्धित विषय हेर्ने मन्त्रालय वा कार्यालय र स्थानीय तहको सम्बन्धित विषय हेर्ने विभाग वा कार्यालयको समेत प्रतिनिधि रहने गरी बढीमा पाँच सदस्य रहेको जाँचबुझ समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको जाँचबुझ समितिले जाँचबुझ गरी समिति गठन भएको विभाग वा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनका आधारमा आवश्यक कारबाही अघि बढाउनु पर्ने देखेमा विभाग वा मन्त्रालयले त्यस्तो प्रतिवेदन समेत संलग्न गरी आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

३१. **आकस्मिक निरीक्षण गर्न सक्ने**: (१) विभाग, कार्यालय वा खाद्य निरीक्षण अधिकारीले खाद्य व्यवसायी वा सेवाप्रदायकले बिक्री वितरण गरिरहेको वा बिक्रीमा राखेको खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरका सम्बन्धमा आकस्मिक निरीक्षण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आकस्मिक निरीक्षण गर्ने अधिकारीले त्यस्तो निरीक्षणपछि उपयुक्त माध्यमबाट चौबिस घण्टाभित्र विभाग वा कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

३२. **नमूना सङ्कलन तथा परीक्षण गर्न सक्ने**: (१) विभाग वा कार्यालयले बजारमा बिक्री वितरणमा रहेका खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको बारेमा जानकारी लिन चाहेमा वा यस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकृत वा खाद्य निरीक्षण अधिकारीले कुनै खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दूषित रहेको शङ्का लागेमा त्यस्तो खाद्य पदार्थको तोकिए बमोजिम नमूना सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलित नमूना प्रयोगशालामा परीक्षण गरी त्यस्तो खाद्य पदार्थ यस ऐन बमोजिम निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दूषित रहेको देखिएमा यस ऐन बमोजिम कारबाही गरी उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

३३. **बिक्री वितरणमा रोक लगाउन सक्ने**: (१) यस ऐन बमोजिम निर्धारित स्वच्छता तथा गुणस्तर प्रतिकूलको खाद्य पदार्थ बिक्री वितरण गरेको शङ्का गर्ने मनासिब आधार भएमा महानिर्देशक वा कार्यालयको प्रमुखको स्वीकृति लिई विभाग वा कार्यालयको अधिकृत वा खाद्य निरीक्षण अधिकारीले त्यस्तो खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउन वा बिक्री वितरणबाट हटाउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश दिंदा त्यस्तो खाद्य पदार्थ तत्काल सडीगली जाने वा नष्ट हुने प्रकृतिको भए बिक्रीबाट हटाउन र सो बाहेक अन्य प्रकृतिको भए सिलबन्दी गरी सम्बन्धित खाद्य व्यवसायीलाई जिम्मा लगाई त्यसको भरपाई लिई सोको बिक्री वितरणमा रोक लगाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम बिक्रि, वितरणको लागि रोक लगाइएको खाद्य पदार्थको नमूनाको परीक्षण प्रतिवेदन यथाशीघ्र पन्ध्र दिनभित्र प्राप्त भइसक्ने गरी परीक्षण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम परीक्षण गर्दा त्यस्तो खाद्य पदार्थ यस ऐन बमोजिम स्वच्छ र गुणस्तरीय देखिएमा परीक्षणको प्रतिवेदन प्राप्त भएको चौबिस घण्टाभित्र सिलबन्दी र रोक्का फुकुवा गर्ने आदेश गरी सोको जानकारी सम्बन्धित खाद्य व्यवसायीलाई दिनु पर्नेछ।

३४. **खाद्य पदार्थ नष्ट गर्नेः** (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थ स्पष्ट रूपमा देखिने गरी सडेगलेको, कुहिएको, कीरा परेको वा फोहोर मिसिएको, दूषित खाद्य पदार्थ, उपभोग गरिसक्नु पर्ने अवधि समाप्त भई वा अन्य कारणबाट निर्धारित गुणस्तरभन्दा न्यूनस्तरको रहेको पाइएमा अनुगमन, निरीक्षण वा जाँचबुझ गर्ने अधिकारीले त्यस्तो खाद्य पदार्थ स्थानीय तह वा स्थानीय प्रशासनका प्रतिनिधिको रोहवरमा उपयुक्त तवरले नष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खाद्य पदार्थ नष्ट गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

३५. **आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य व्यवसायी वा सेवाप्रदायकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पूरा गर्नु पर्ने दायित्व पूरा गरेको नपाइएमा त्यस्तो दायित्व पूरा गर्ने व्यवस्था गर्न त्यसरी अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निश्चित अवधि तोकी सम्बन्धित खाद्य व्यवसायी वा सेवाप्रदायकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेशको पालना गर्नु सम्बन्धित खाद्य व्यवसायी वा सेवाप्रदायकको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम आदेश दिइएकोमा सोको व्यहोरा अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले विभाग वा कार्यालयमा पेश गर्ने प्रतिवेदनमा समेत खुलाउनु पर्नेछ।

३६. **प्रदेश तथा स्थानीय तहले अनुगमन तथा निरीक्षण गर्न सक्ने**: (१) कसैले यस ऐन बमोजिम तोकिएको गुणस्तरभन्दा न्यून गुणस्तरको खाद्य पदार्थ वा दूषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थ ढाँटी झुक्याई बिक्री वितरण गरे वा गराएको वा खाद्य प्रयोगशालाले यस ऐन बमोजिमको मापदण्ड पूरा गरे वा नगरेको विषयमा अनुगमन तथा निरीक्षण गर्न प्रदेश तथा स्थानीय तहले दफा २८ बमोजिम खाद्य निरीक्षण अधिकारी हुन योग्यता पुगेको कर्मचारीलाई सम्बन्धित प्रदेश वा स्थानीय तहको कानून बमोजिम आफ्नो क्षेत्रमा खाद्य निरीक्षक तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्न जाने कर्मचारीले विभाग वा नजिकको कार्यालयसँग समन्वय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कसैउपर यस ऐन बमोजिम मुद्दा चलाउनु पर्ने भएमा खाद्य निरीक्षकले आवश्यक कारबाहीका लागि खाद्य निरीक्षण अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश वा स्थानीय तहबाट खाद्य निरीक्षकले कारबाहीका लागि पठाएमा खाद्य निरीक्षण अधिकारीले तत्काल आवश्यक छानबिन गरी यस ऐन बमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम अनुगमन तथा निरीक्षण गर्दा सम्बन्धित प्रदेश वा स्थानीय तहको कानून बमोजिम कारबाही गर्नु पर्ने कुनै विषय देखिएमा त्यस्तो कानून बमोजिम समेत प्रदेश वा स्थानीय तहले कारबाही गर्न सक्नेछ।

३७. **कारबाहीको लागि लेखी पठाउने**: (१) विभाग वा कार्यालयले यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षण गराउँदा यस ऐन विपरीत काम कारबाही भएको देखिएमा त्यसरी अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले आवश्यक कारबाहीको लागि आफूले प्राप्त गरेको प्रमाण तथा विवरण सहित सम्बन्धित खाद्य निरीक्षण अधिकारी समक्ष प्रतिवेदन पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन समेतको आधारमा खाद्य निरीक्षण अधिकारीले मुद्दा चलाउने कारबाही प्रारम्भ गर्नेछ।

३८. **खाद्य पदार्थ फिर्ता गर्ने**: (१) कुनै खाद्य पदार्थको उत्पादन, प्रशोधन वा पैठारी गर्ने खाद्य व्यवसायीले आफूले उत्पादन, प्रशोधन वा पैठारी गरेको कुनै ब्याच वा लटको खाद्य पदार्थ बिक्री वितरणको लागि बजारमा पठाएपछि त्यस्तो खाद्य पदार्थको उत्पादन, प्रशोधन वा पैठारीको क्रममा भएको त्रुटी, कमी, कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम तोकिएको स्वच्छता, गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मानव उपभोगको लागि सुरक्षित नरहेको जानकारीमा आएमा त्यस्तो खाद्य पदार्थ सार्वजनिक रूपमा सूचना प्रकाशन गरी बजारबाट फिर्ता माग गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थको उत्पादन, प्रशोधन वा पैठारीको क्रममा भएको त्रुटी, कमी, कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन बमोजिम तोकिएको स्वच्छता, गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा मानव उपभोगको लागि सुरक्षित रहेको नदेखिएमा अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीको प्रतिवेदनको आधारमा महानिर्देशकले त्यस्तो खाद्य पदार्थको उत्पादन गर्ने, प्रशोधन गर्ने वा नेपालमा पैठारी गर्ने खाद्य व्यवसायीलाई त्यस्तो खाद्य पदार्थ बजारबाट तत्काल फिर्ता गर्न आदेश दिनेछ।

(३) उपदफा (२) बमोजिम दिइएको आदेश उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम फिर्ता माग गरिएको वा उपदफा (२) बमोजिम फिर्ता गर्न आदेश दिइएको खाद्य पदार्थको कसैले पनि बिक्री वितरण गर्नु वा गराउनु हुँदैन।

(५) उपदफा (१) वा (२) बमोजिम खाद्य पदार्थ फिर्ता गर्दा लाग्ने खर्च त्यस्तो खाद्य पदार्थको उत्पादन, प्रशोधन वा नेपालमा पैठारी गर्ने खाद्य व्यवसायीले व्यहोर्नु पर्नेछ।

३९. **सार्वजनिक खाद्य विश्लेषक तोक्ने**: (१) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खाद्य पदार्थको परीक्षण तथा विश्लेषण गर्नको लागि खाद्य विज्ञान वा खाद्य प्रविधि वा रसायनशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खाद्य अनुसन्धान वा विश्लेषण सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्षको अनुभव भएको नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवामा रहेको अधिकृत वा खाद्य प्रयोगशालामा कार्यरत व्यक्तिलाई सार्वजनिक खाद्य विश्लेषक तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको सार्वजनिक खाद्य विश्लेषकले खाद्य निरीक्षण अधिकारी वा अन्य कुनै अधिकारी वा कार्यालयबाट सङ्कलन भएको खाद्य पदार्थको नमूनाको खाद्य प्रयोगशालामा परीक्षण गरी वा गराई त्यसको विश्लेषण प्रतिवेदन सम्बन्धित अधिकारी वा कार्यालयलाई दिनु पर्नेछ।

(३) सार्वजनिक खाद्य विश्लेषकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य पदार्थको नमूनाको खाद्य प्रयोगशालामा परीक्षण गरी, गराई विश्लेषण प्रतिवेदन उपलब्ध गराउने,

(ख) खाद्य पदार्थको नमूना प्राप्त गर्दाका बखत नमूनामा लगाइएको सील तथा आवरण ठिक दुरुस्त रहे वा नरहेको सुनिश्चित गरी सील तोडिएको वा प्याकेजिङ्ग टुटफुट भई खाद्य प्रयोगशालामा परीक्षण गर्न अनुपयुक्त रहेको पाइएमा सोको जानकारी सम्बन्धित अधिकारी वा कार्यालयलाई दिने,

(ग) खाद्य प्रयोगशालामा प्राप्त नमूनाको लगत अद्यावधिक राख्ने र सोको प्रतिवेदन मासिक रूपमा विभाग वा कार्यालयलाई उपलब्ध गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विश्लेषण कार्यको सुनिश्चितता तथा सोको लागि आवश्यक जनशक्ति, केमिकल, ग्लासवेयर तथा अन्य आवश्यक सुविधाको व्यवस्था गर्ने, र

(ङ) खाद्य विश्लेषकको आचरण, खाद्य विश्लेषण प्रक्रिया, प्रतिवेदनको ढाँचा तथा नमूना व्यवस्थापन गर्ने।

## परिच्छेद-८
## कसुर र सजाय

४०. **कसुर गरेको मानिने**: कसैले देहाय बमोजिमको कार्य गरे वा गराएमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछः-

(क) दफा ९ बमोजिम अनुमतिपत्र नलिई खाद्य व्यवसाय सञ्चालन गरेमा,

(ख) दफा ११ को उपदफा (४) विपरीत खाद्य व्यवसाय गरेमा,

(ग) दफा १३ बमोजिम पैठारी गर्नुअघि स्वीकृति वा प्रवेश अनुमति नलिई खाद्य पदार्थ पैठारी गरेमा,

(घ) दफा १५ को खण्ड (क), (ख), (ङ), (च) वा (छ) विपरीत दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा वा बिक्री वितरणमा राखेमा,

(ङ) दफा १५ को खण्ड (ग) वा (घ) विपरीत दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा वा बिक्री वितरणमा राखेमा,

(च) दफा १६ विपरीत न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा वा बिक्री वितरणमा राखेमा,

(छ) दफा १७ विपरीत ढाँटी वा झुक्याई खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा वा बिक्री वितरणमा राखेमा,

(ज) दफा १८ विपरीत खाद्य पदार्थमा खाद्य योगशील वा खाद्य प्रशोधन सहयोगी पदार्थ प्रयोग गरेमा,

(झ) दफा १९ बमोजिम लेबल नलगाई वा सो दफा विपरीत खाद्य पदार्थको लेबलिङ् गरी बिक्री वितरण गरेमा,

(ञ) दफा २०, २१, २२, २३, २४ वा २५ विपरीत क्रमशः उत्पादक, प्रशोधनकर्ता तथा प्याकेजिङ्गकर्ता, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता वा सेवाप्रदायकले पूरा गर्नु पर्ने कुनै दायित्व पूरा नगरेमा वा दायित्वको उल्लङ्घन हुने काम गरेमा,

(ट) दफा ३३ बमोजिम बिक्री वितरणबाट हटाइएको वा रोक लगाएको खाद्य पदार्थ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फुकुवा नगर्दै त्यस्तो खाद्य पदार्थ बिक्री वितरण गरेमा,

(ठ) दफा ३५ बमोजिम दिइएको आदेश पालना नगरेमा,

(ड) दफा ३८ को उपदफा (४) विपरीत फिर्ता माग गरेको वा फिर्ता गर्ने आदेश भएको खाद्य पदार्थ बिक्री वितरण गरेमा, वा

(ढ) यस ऐन विपरीत अन्य कुनै कार्य गरेमा।

४१. **तत्काल जरिबाना गर्न सक्ने**ः (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ, आकस्मिक निरीक्षण वा खाद्य पदार्थको नमूना सङ्कलनको काममा बाधा वा अवरोध पुऱ्याउने व्यक्तिलाई त्यस्तो अनुगमन, निरीक्षण, जाँचबुझ, आकस्मिक निरीक्षण वा खाद्य पदार्थको नमूना सङ्कलन गर्ने अधिकारीले तत्काल बीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको जरिबानाको बारेमा जरिबाना गर्ने अधिकारीले सार्वजनिक रूपमा जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तत्काल जरिबाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिबाना नतिर्ने, नबुझाउने व्यक्तिविरुद्ध त्यसरी जरिबाना गर्ने अधिकारीले देहायको कार्य गर्न सक्नेछः-

(क) जरिबानाको रकम नबुझाएसम्म त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी राख्न, वा

(ख) जरिबानाको रकम नबुझाएसम्म त्यस्तो खाद्य पदार्थको उत्पादक, प्रशोधनकर्ता, पैठारीकर्ता,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता वा सेवाप्रदायकले उत्पादन, प्रशोधन, ढुवानी, सञ्चय, बिक्री वितरण गर्ने अन्य वस्तु समेत रोक्का राख्न।

(४) यस दफा बमोजिम गरेको जरिबानाको निर्णयउपर चित्त नबुझेमा सात दिनभित्र महानिर्देशक समक्ष पुनरावलोकनको लागि निवेदन दिन सकिनेछ।

(५) उपदफा (४) बमोजिमको निवेदनउपर महानिर्देशकले आवश्यक जाँचबुझ गरी एक्काइस दिनभित्र सो सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ।

(६) पुनरावलोकनको लागि निवेदन दिँदा जरिबाना गर्ने अधिकारीले गरेको जरिबानाको पचास प्रतिशत नगदै धरौटी दाखिला गर्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिमको निवेदनउपर महानिर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(८) तत्काल जरिबाना गर्ने सम्बन्धमा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

४२. **सजाय**: (१) कसैले देहायको कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ४० को खण्ड (क), (ख), (ग), (ञ) वा (ढ) बमोजिमको कसुरमा पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) दफा ४० को खण्ड (घ) बमोजिमको कसुरमा पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दफा ४० को खण्ड (ङ) बमोजिमको कसुरमा एक वर्षसम्म कैद वा चार लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(घ) दफा ४० को खण्ड (च), (छ) वा (ज) बमोजिमको कसुरमा छ महिनासम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ङ) दफा ४० को खण्ड (झ) बमोजिमको कसुरमा एक लाख रुपैयाँसम्म जरिबाना, र

(च) दफा ४० को खण्ड (ट), (ठ) वा (ड) बमोजिमको कसुरमा तीन लाख रुपैयाँसम्म जरिबाना।

(२) यस ऐन बमोजिमको कसुर गर्न सघाउने वा मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(३) यस ऐन बमोजिम कसुरमा सजाय पाएको व्यक्तिले पुनः यस ऐन बमोजिमको कसुर गरेमा निजलाई यस ऐन बमोजिम हुने सजायको दोव्बर सजाय हुनेछ।

४३. **सङ्गठित संस्थाको आपराधिक दायित्व हुने**: कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यो ऐन अन्तर्गत कसुर मानिने काम गरेकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्तो काम गर्ने सम्बन्धित धनी वा हिस्सेदारहरू र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नसकेमा त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नु पर्नेछ।

४४. **क्षतिपूर्ति भराइदिने**: कसैले यो ऐन बमोजिमको कसुर गरी कसैलाई हानि नोक्सानी पुऱ्याएमा त्यस्तो कसुरबाट पीडितलाई पुग्न गएको वास्तविक हानि, नोक्सानी बापत मुद्दा हेर्ने अधिकारीले कसुरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनेछ।

४५. **उजुरी दिन सक्नेः (१)** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही भएको कुराको जानकारी पाउने जुनसुकै व्यक्तिले आफूसँग भएको जानकारी वा सबुद प्रमाण सहित विभाग वा कार्यालय समक्ष लिखित मौखिक वा विद्युतीय माध्यम मार्फत उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ।

(३) उजुरी सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

४६. **मुद्दाको अनुसन्धान र दायरी**: (१) यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान सम्बन्धित खाद्य निरीक्षण अधिकारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको अनुसन्धान गर्ने खाद्य निरीक्षण अधिकारीले यो ऐन वा प्रचलित कानून बमोजिम अनुसन्धान अधिकारीलाई प्राप्त अधिकारको प्रयोग गर्न सक्नेछ।

(३) खाद्य निरीक्षण अधिकारीले उपदफा (१) बमोजिम अनुसन्धान तथा तहकिकातको काम पूरा भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खाद्य निरीक्षण अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

४७. **<u>मुद्दा हेर्ने अधिकारी</u>**: यस ऐन बमोजिम सजाय हुने देहायको मुद्दा हेर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) दफा ४२ को खण्ड (क), (घ), (ङ) र (च) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई, र

(ख) दफा ४२ को खण्ड (ख) र (ग) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई।

## परिच्छेद-९
## विविध

४८. **<u>व्यवस्थापन गर्नु पर्ने</u>**: खाद्य व्यवसायीले उत्सर्जन गरेको फोहोरको व्यवस्थापन खाद्य व्यवसायी स्वयंले गर्नु पर्नेछ।

४९. **<u>एकीकृत विद्युतीय प्रणालीको विकास गर्ने</u>**: यस ऐन बमोजिमको सिफारिसपत्र, अनुमतिपत्र वा स्वीकृति प्रदान गर्न तथा खाद्य पदार्थको नियमन, व्यवस्थापन तथा सहजीकरण गर्नको लागि मन्त्रालयले एकीकृत विद्युतीय प्रणालीको विकास गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**५०.** **राष्ट्रिय कोडेक्स समिति गठन गर्न सक्ने**: (१) नेपाल सरकारले मन्त्रालयको सचिवको संयोजकत्वमा आवश्यक संख्यामा सदस्य रहने गरी राष्ट्रिय कोडेक्स समिति गठन गर्न सक्नेछ।

(२) राष्ट्रिय कोडेक्स समितिको काम र कर्तव्य तथा बैठक सम्बन्धी कार्यविधि त्यस्तो समिति गठन गर्दाका बखत नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

**५१.** **अधिकार प्रत्यायोजन**: विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार मातहतको कुनै अधिकृत कर्मचारी वा कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर दफा ४१ को उपदफा (५) बमोजिमको अधिकार प्रत्यायोजन हुन सक्ने छैन।

**५२.** **नेपाल सरकार वादी हुने**: यस ऐन अन्तर्गत कसुर हुने मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ मा समावेश भएको मानिनेछ।

**५३.** **संक्षिप्त कार्यविधि अपनाउने**: यस ऐन अन्तर्गत दायर भएको दफा ४२ को खण्ड (ख) र (ग) बमोजिम सजाय हुने मुद्दा बाहेकका अन्य मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**५४.** **<u>सहयोग गर्नु पर्नेः</u>** (१) यो ऐन कार्यान्वयन गर्न विभाग वा कार्यालयले स्थानीय प्रशासन तथा प्रहरीको सहयोग मागेमा सम्बन्धित स्थानीय प्रशासन तथा प्रहरीले सहयोग गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम जाँचबुझ, अनुगमन, निरीक्षण, नमूना सङ्कलन गर्ने क्रममा त्यस्तो कार्यमा संलग्न अधिकारीलाई आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**५५.** **<u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>**ः यस ऐन बमोजिम कसुर ठहरिने कार्य अन्य प्रचलित कानून अन्तर्गत पनि कसुर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

**५६.** **<u>यसै ऐन बमोजिम हुने</u>**ः यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

**५७.** **<u>नियम बनाउने अधिकार</u>**ः (१) नेपाल सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी देहायका विषयहरूमा नेपाल सरकारले नियमहरू बनाउन सक्नेछः-

(क) खाद्य उद्योगको स्थापनाको लागि सिफारिस, अनुमतिपत्र, त्यसको नवीकरण सम्बन्धी प्रक्रिया, ढाँचा र लाग्ने दस्तुर सम्बन्धी विषय,

(ख) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर र खाद्य योगशील र प्रशोधन सहयोगी पदार्थको प्रयोग र मात्रा सम्बन्धी विषय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, रोक्का राख्ने तथा नष्ट गर्ने प्रक्रिया सम्बन्धी विषय,

(घ) प्याकेजिङ्ग तथा लेबलिङ् सम्बन्धी विषय,

(ङ) खाद्य पदार्थको ढुवानी तथा सञ्चयको मापदण्ड तोक्ने तथा सञ्चय गर्दा आर्द्रता र तापक्रमको व्यवस्था मिलाउने विषय,

(च) प्रदूषक (कन्टामिनेन्ट्स), विषाक्त तत्व र तिनको अवशेष सम्बन्धी विषय,

(छ) खाद्य प्रयोगशाला स्थापना गर्दा कायम गर्नु पर्ने मापदण्ड, त्यसको सूचीकरण प्रक्रिया र नमूना परीक्षण तथा विश्लेषणको लागि लाग्ने शुल्क सम्बन्धी विषय,

(ज) स्वास्थ्य पोषण न्युट्रास्युटिकल तथा आहारपूरक खाद्य पदार्थ, खाद्य पोषक तत्त्व थप (फूड फोर्टिफिकेशन) सम्बन्धी विषय,

(झ) खाद्य पदार्थ पैठारी गर्न प्रवेश अनुमति दिने विषय,

(ञ) खाद्य पदार्थ अनुगमन तथा निरीक्षण सम्बन्धी विषय,

(ट) अर्गानिक खाद्य पदार्थ सम्बन्धी विषय,

(ठ) मदिराजन्य पेय पदार्थ सम्बन्धी विषय,

(ड) खाद्य स्वच्छता प्रणाली परीक्षण (फूड सेफ्टी सिस्टम अडिट) सम्बन्धी विषय,

(ढ) खाद्य पदार्थको परीक्षणको लागि नमूना सङ्कलन गर्ने प्रक्रिया, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ण) विज्ञापन तथा दाबी (एड्भरटाइजिङ्ग एण्ड हेल्थ एण्ड न्युट्रिस्नल क्लेम्स) सम्बन्धी विषय।

**५८. <u>निर्देशिका बनाउन सक्ने</u>:** मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ।

**५९. <u>ऐन कार्यान्वयन मापन</u>:** मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नेछ।

**६०. <u>खारेजी र बचाउ</u>:** (१) खाद्य ऐन, २०२३ खारेज गरिएको छ।

(२) खाद्य ऐन, २०२३ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) खाद्य ऐन, २०२३ बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष दायर भई कारबाहीका क्रममा रहेका वा निर्णय हुन बाँकी रहेका मुद्दा तथा तत्सम्बन्धी निवेदन यो ऐन प्रारम्भ भएपछि यस ऐन बमोजिमको मुद्दा हेर्ने अधिकारी समक्ष सर्नेछन्।

प्रमणीकरण मितिः २०८१।०१।२३

**आज्ञाले,**
**फणीन्द्र गौतम**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ३५।–**
**गो.द्द.व.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।